नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाण्डौ ।

## जिल्लास्तरमा समन्वय एकाइको प्रवन्ध एवम् सशर्त अनुदान सम्बन्धी छलफल र अन्तरक्रिया कार्यक्रम

(प्रेस विज्ञप्ति)

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको आयोजनामा मिति २०७९ असोज ७ गते शुक्रबारका दिन महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवम् लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका हित संरक्षण र समस्या सम्बोधन गर्न प्रदेश र स्थानीय तहको सहकार्यमा जिल्लास्तरमा समन्वय एकाइको प्रवन्ध सम्बन्धी छलफल तथा स्थानीय तहमा हस्तान्तरण गरिएका शसर्त अनुदान कार्यक्रम कार्यान्वयनको प्रगति समिक्षा सम्बन्धी कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रमको अध्यक्षता महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री उमा रेग्मीज्यूले गर्नु भएको थियो भने प्रदेश सरकारका विषयगत मन्त्रालयका मन्त्रिज्यूहरुको पनि आतिथ्यता रहेको थियो। कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका श्रीमान् सचिवज्यूले उपस्थित सम्पूर्णलाई स्वागत गर्नु भएको थियो । कार्यक्रमको सञ्चालन उपसचिव बन्दना के.सी. ले गर्नु भएको थियो ।

कार्यक्रमका अध्यक्ष महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री उमा रेग्मीज्यूले प्राप्त सुझाव, राय र विकल्पहरुलाई आत्मासाथ गर्दै उठेका सवालहरु सम्बन्धित निकायसम्म पुऱ्याउने र सबैको सहयोग र सहकार्यमा अगाडि बढ्ने प्रतिवद्दता व्यक्त गर्नु भयो । उक्त कार्यक्रममा संघीयता कार्यान्वयनसंगै सामाजिम क्षेत्रका कार्य र क्रियाकलापलाई थप प्रभावकारी रुपमा अघि बढाउन जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुखज्यूहरुले आ-आफ्नो राय सुझाव प्रस्तुत गर्नु भएको थियो।

प्रदेश र स्थानीय तहको सहकार्यमा जिल्लास्तरमा समन्वय एकाइको प्रवन्ध सम्बन्धमा मन्त्रालयका सहसचिव यमलाल भूसालबाट प्रस्तुतीकरण भएको थियो।

मिति: २०७९/०६/०७

(यमलाल भूसाल)
प्रवक्ता/सहसचिव